# आ.व. २०७७/७८ मा महिला तथा बालबालिका शाखा द्वारा सम्पन्न कार्यक्रमहरुको वार्षिक प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्याल

पोखरेबगर, म्याग्दी

## पृष्ठभुमिः-

अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तरगत रहेको महिला तथा बालबालिका शाखाको तर्फ बाट आ.व. २०७७/७८ को लागि रु. ४०,००,०००।— (अक्षरुपी चालिस लाख रुपैया) गाउँपालिकाका ८ वटै वडाहरुका महिला दिदिबहिनीहरुको आर्थिक, सामाजिक तथा क्षमता विकास विस्तारमा सहयोग पुर्याउने हेतुले बिभिन्न शिर्षकहरुमा रकम विनियोजन गरिएको थियो ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा अभियानहरु, ८ वटै वडामा बसोबास गर्ने सुत्केरी महिला र बच्चाहरुको स्वास्थ्य, आर्थिक क्षमतालाई मध्यनजर गर्दै उपाध्यक्षसँग सुत्केरी महिला र बच्चा भेटघाट तथा सामग्री वितरण कार्यक्रम, वडा नं. ४ र ८ का लागि कुटानी पिसानी मिल, वडा नं. १ मा सञ्चालित होजियारी र सिलाइ सम्बन्धी लघु उद्यम महिलाहरुका लागि आवश्यक सामग्रीहरु वितरण, वडा नं. २ र ५ मा विपन्न महिलाहरुका लागि बाख्रा वितरण र जेष्ठ नागरिक सम्मान कार्यक्रम, वडा नं. ६ मा लघु उद्यम शाखा द्वारा सञ्चालित सिलाई कटाई तालिममा सहभागि ७ जनाका लागि प्रविधि सहयोग मध्ये सिलाई मेशिन र १५ जना विपन्न महिलाहरुका लागि बाख्रा वितरण कार्यक्रम, वडा नं. ७ का लागि दोसल्ले आमा समूहका लागि थ्रेसर र अन्य ५ कृषकहरुका लागि चापकटर प्रदान गरिएको थियो।

**१. राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा अभियानहरुः-**

(क) **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानः-** लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सन् १९९१ देखि प्रत्येक वर्षको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाउन थालिएको थियो भने नेपालमा पनि वि.सं. २०५४ साल देखि यो अभियान मनाउन थालिएको हो । यो दिवस अन्नपूर्ण गाउँपालिकाको वडा नं. ६, घारमा मिति २०७७/०८/१८ गते वडा अध्यक्ष श्री कृष्ण प्रसाद बरुवाल ज्यूको अध्यक्षतामा गाउँपालिका उपाध्यक्ष श्री केशमाया मगर, कार्यपालिका सदस्य श्री विष्णु कुमारी दमै, वडा सदस्य श्री पशुपति बुढाथोकी, वडा सदस्य श्री राम बहादुर खड्का, वडा सदस्य श्री चेतकुमारी खड्का, पालिका स्तर पोषण सहजकर्ता (मिलन म्याग्दी द्वारा सञ्चालित सुआहारा) श्री देवी खड्का, प्रहरी चौकी इन्चार्ज श्री रामचन्द्र शर्मा, फिल्ड सहायक श्री याम प्रसाद पुर्जा, वडा सचिव श्री फानमाया काफ्ले साथै अन्य यस अभियानलाई सफल पार्न उपस्थित दिदीबहिनी तथा पुरुष सहभागीहरुको उपस्थितिमा हिंसा सम्बन्धी जानकारी सहित के कसरी कम/उन्मुलन गर्न सकिन्छ भन्ने विषयमा अन्तर्क्रिया द्वारा सम्पन्न गरिएको थियो ।

(ख) **अन्तराष्ट्रिय नारी दिवसः-** अन्तर्राष्ट्रिय नारी दिवस महिला जागरुकता सम्बन्धी दिवस हो। यो ८ मार्चमा विश्वभर मनाइन्छ। यो सर्वप्रथम सन् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो। सन् १९१० मा महिलाहरूलाई मत हाल्ने अधिकार सुनिस्चित गर्ने उद्देश्यको साथ यसलाई अन्तराष्ट्रिय दर्जा प्रदान गरिएको थियो भने नेपालमा वि.सं. २०१६ साल देखि अङ्ग्रेजी महिनाको मार्च ८ तारिख दिनमा नियमित रुपमा यो दिवस मनाउन थालिएको हो।

अन्नपूर्ण गाउँपालिकामा पनि **"महिलाको सुरक्षा, सम्मान र रोजगारः समृद्ध नेपालको आधार"** भन्ने नाराका साथ २०७७/११/२४ गतेका दिन अन्नपूर्ण गाउँपालिका, पोखरेबगरमा विभिन्न कार्यक्रम गर्दै १११ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो। उक्त दिवस गाउँपालिका उपाध्यक्ष श्री केशमाया मगर ज्यू को प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमहरु (निबन्ध लेखन प्रतियोगित र घैटो फुटाउने कार्यक्रम) गरि २०७७ सालको १११ औं अन्तराष्ट्रिय नारी दिवस मनाइयो। निबन्ध लेखन प्रतियोगितामा १२ जना र घैटो फुटाउने कार्यक्रममा ४५ जना सहभागिहरुको सहभागिता रहेको थियो ।

(ग) **अन्तराष्ट्रिय अपाङ्गता दिवसः-** २९ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा मिति २०७८/०८/१८ गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री केशमाया मगर, का.पा. सदस्य श्री विष्णु कुमारी दमै, सामाजिक विकास अधिकृत श्री हरिकृष्ण आचार्य, लेखा अधिकृत श्री जय प्रसाद सुवेदी, सूचना प्रविधि अधिकृत श्री रमेश थापा, हेल्थ असिष्टेन्ट श्री समुन्द्र बरुवाल अन्नपूर्ण अपाङ्ग सञ्जालका अध्यक्ष श्री रुद्र बहादुर गर्बुजा, सचिव श्री विशाल वि.क., कोषाध्यक्ष श्री बिमला पाइजा र अन्य सदस्यहरु लगायतको उपस्थितिमा अन्नपूर्ण गाउँपालिका र अन्नपूर्ण अपाङ्ग सञ्जालको संयुक्त आयोजनामा कोभिड -१९ को विषयलाई लिएर **"कोभिड-१९ पश्चातको उत्कृत पुनरागमनको सुनिश्चितताः अपाङ्गता भएका ब्यक्तिहरुको पहुँच र दिगो विकासको लागि हामी सबैको प्रतिबद्धता"** भन्ने नाराका साथ अन्तरक्रिया कार्यक्रम गरि मनाईयो ।

२. **उपाध्यक्ष सँग सुत्केरी महिला र बच्चा भेटघाट तथा सामग्री वितरण कार्यक्रमः-** अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तरगत महिला तथा बालबालिका शाखाको आ. व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये अन्नपूर्ण गाउँपालिकाका सबै वडाहरुमा बसोबास गर्ने सुत्केरी महिला दिदीबहिनीहरु र नबजात शिशुको स्वास्थ्यलाई मध्यनजरमा राख्दै **"उपाध्यक्ष सँग सुत्केरी महिला तथा बच्चा भेटघाट र सामग्री वितरण"** कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम अन्नपूर्ण गाउँपालिकाका ८ वटै वडामा बसोबास गर्दै आएका सुत्केरी महिला र बच्चाका लागि सामग्री वितरण गरिएको थियो। सामग्री

२. जनिमा फगामी — अन्नपूर्ण -२, कटौन्जे
३. रमाया राना मगर- अन्नपूर्ण -२, कटौन्जे
४. गुण कुमारी कार्की- अन्नपूर्ण -२, ठुलोबगर
५. बालकुमारी सुनार- अन्नपूर्ण -२, तातोपानी
६. देवी सुनार- अन्नपूर्न -२, तातोपानी
७. टकमाया वि.क. (क)- अन्नपूर्न -२, गाडापानी
८. चन्द्र कली सुनार- अन्नपूर्ण -२, चिसोपानी
९. जुक माया सुनार- अन्नपूर्ण -२, तातोपानी
१०. खिम माया सेरबुजा- अन्नपूर्ण -२, मान्द्रेढुङ्गा
११. सिता कार्की- अन्नपूर्ण -२, ठुलोबगर
१२. विष्णु फगामी- अन्नपूर्ण -२, गाडापानी
१३. विन्दु राम्जाली- अन्नपूर्ण -२, कटौन्जे
१४. पार्वती वि.क. सुनार- अन्नपूर्ण -२, गाडापानी
१५. भिम माया पाईजा- अन्नपूर्ण -२, चिसोपानी
१६. हाईमाया पुन- अन्नपूर्ण -२, कटौन्जे
१७. मन कुमारी राना- अन्नपूर्ण -२, चिसोपानी
१८. बुद्धि माया फगामी- अन्नपूर्ण -२, कटौन्जे
१९. तकमाया वि.क. (ख)- अन्नपूर्ण -२, तातोपानी
२०. कुमारी गर्बुजा थजाली- अन्नपूर्ण -२, मान्द्रेढुङ्गा

(ग) **वडा नं. -४, नारच्याङ र वडा नं.- ८, राम्चे :-**

अन्नपूर्ण गाउँपालिकाको कार्यालय अन्तरगतको महिला तथा बालबालिका शाखाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये अन्नपूर्ण -४, नारच्याङ र अन्नपूर्ण -८, राम्चेका महिला दिदीबहिनीहरुको सिप क्षमतालाई प्रोत्साहन गर्नका लागि धुप बनाउने मेशिन तथा एकल, विधुवा र आर्थिक स्थिति कमजोर भएका महिलाहरुको समूहको आर्थिक स्तरलाई उकास्नका लागि कुटानी पिसानी मिल वितरण गरिएको थियो। उक्त कार्यक्रम गाउँपालिका अध्यक्ष श्री क्या. डम बहादुर गर्बुजा पुन ज्यू को प्रमुख आतिथ्यतामा गाउँपालिका उपाध्यक्ष श्री केशमाया मगर, प्रमुख प्रशासकीय अधिकृत सुरण प्रसाद शर्मा पौडेल, सम्बन्धित वडाका

वडा अध्यक्ष ज्यूहरुको विशेष उपस्थिति र सम्बन्धित वडाका आमा समुहहरुको प्रतिनिधिहरुको उपस्थितिमा सामग्री वितरण गरिएको थियो।

**कुटानी पिसानी मिल प्राप्त गर्ने समूहहरुको नामावली:-**

**अन्नपूर्ण-४, नारच्याङ**

१. कोप्चेपानी आमा समूह
२. घराप आमा समुह
३. गाडपार आमा समूह
४. ढारेस्वारा आमा समूह
५. बेसी आमा समूह
६. छेम्दी आमा समूह
७. बगरटोल आमा समूह

**अन्नपूर्ण-८, राम्चे**

१. नागी आमा समुह
२. सिर्जनशिल कृषि समुह
३. राम्चे आमा समुह
४. राम्चे कृषि समुह
५. काफलडाँडा आमा समूह
६. धारापानी आमा समूह
७. काउले आमा समूह

(घ) **वडा नं.-६, घार:-**

अन्नपूर्ण गाउँपालिकाको कार्यालय अन्तरगतको महिला तथा बालबालिका शाखाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये अन्नपूर्ण -६, घारका लागि महिला दिदीबहिनीहरुको सिप क्षमतालाई प्रोत्साहन गर्नका लागि सिलाई मेशिन तथा एकल, विधुवा र आर्थिक स्थिति कमजोर भएका महिलाहरुको आर्थिक स्तरलाई उकास्नका लागि बिउ बाख्रा वितरण गरिएको थियो। लघुउद्यम विकास शाखा द्वारा सञ्चालित सिलाई कटाई तालिममा सहभागीहरुका लागि ७ वटा सिलाई मेशिन बितरण गरिएको थियो भने विधुवा, एकल र आर्थिक स्थिति कमजोर भएका महिलाहरुको आर्थिक स्थितिमा सुधार होस भन्ने हेतुले १५ जना महिला दिदिबहिनीहरुलाई बाख्राको बिउ बितरण गरिएको थियो ।उक्त कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष श्री केशमाया मगर, वडा अध्यक्ष श्री कृष्ण प्रसाद बरुवाल, वडा

सदस्य श्री राम बहादुर खड्का, बन उपभोक्ता समितिका अध्यक्ष श्री डिल बहादुर बरुवाल, गाउँपालिका लघु उद्यम विकास शाखाका लघु उद्यम सहजकर्ता श्री फामाया पाईजा पुन, वडा कार्यालयमा ना.प.से.प्रा. श्री अर्जुन खत्री र महिला तथा बालबालिका शाखा संयोजक श्री सविना थापा को संयोजकत्वमा सञ्चालन गरिएको थियो।

**सिलाई मेसिन प्राप्त गर्ने सहभागी महिलाहरु:-**

१. रिना बुदुजा पुन- अन्नपूर्ण-६, खिवाङ
२. शान्ती सुनार- अन्नपूर्ण-६, खिवाङ
३. शान्ती परियार- अन्नपूर्ण-६, घार
४. गिता वि.क.- अन्नपूर्ण-६, घार
५. सविना बरुवाल- अन्नपूर्ण-६, घार
६. दिपा वि.क.- अन्नपूर्ण-६, खिवाङ
७. कोपिला दर्जि- अन्नपूर्ण-६, घार

**आय आर्जनका लागि माउ बाख्रा तपसिलका महिला दिदीबहिनीहरुलाई वितरण गरियो :-**

१. डिलकुमारी बरुवाल
२. कमला बरुवाल
३. विनु खड्का
४. फुलु बरुवाल
५. गुमानी बरुवाल
६. मिठु खड्का
७. श्रीदेवी बरुवाल
८. बुद्ध देवी बरुवाल
९. अनिता बरुवाल
१०. बिमला खड्का
११. धनकुमारी बरुवाल
१२. गुमा खड्का
१३. सरीता खड्का
१४. याम कुमारी बरुवाल
१५. डिल कुमारी कार्की

(ङ) **वडा नं.-७, हिस्तानः-**

अन्नपूर्ण गाउँपालिकाको कार्यालय अन्तरगतको महिला तथा बालबालिका शाखाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये अन्नपूर्ण -७, हिस्तान वडाका लागि वडाको माग अनुसार कार्यक्रम गरिने गरि बजेट बिनियोजन गरिएकोमा वडा बाट कृषि समूहका लागि टस टनेलको निर्माणका लागि सिफारिस भइ आएकोमा सोही अनुसार गर्ने भनिएता पनि उक्त कार्यक्रम गर्न लगडाउनले गर्दा समूहले गर्न नसक्ने भनि पुन कार्यक्रम परिवर्तन गरि दोसल्ले आमा समूहका लागि थ्रेसर (धान, गहुँ, जौं चुट्ने मेशिन) १ वटा र रुख काट्ने मेसिन चाप कटर ५ वटा माग/सिफारिस भई आएकोले सोही अनुसार दोसल्ले आमा समूहका लागि थ्रेसर र चापकटर खरिद गरि वितरण गरिएको थियो।